apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १७० ● पृष्ठः ४ ● २३ असार २०८३ मंगलबार (07 July 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




समाचार पृष्ठ २
बालेनलाई 'थ्रेट'मा राख्ने रास्वपा विधान

# तीन वर्षमा अढाई केजीभन्दा बढी ब्राउन सुगर बरामद, गोली प्रहारपछि दुई भारतीय कारोबारी पक्राउ

### सीमापार लागुऔषध सञ्जालमाथि प्रहरीको कडा अभियान, तीन वर्षमा ५१४ पक्राउ र ३४३ मुद्दा दर्ता

**अपन दैनिक संवाददाता**
सिरहा, असार २२ गते

नेपाल-भारत सीमावर्ती जिल्ला सिरहामा लागुऔषध कारोबारविरुद्ध प्रहरीले अभियान तीव्र बनाएसँगै पछिल्ला तीन वर्षमा दुई किलो ४८१ ग्राम ६३८ मिलिग्राम ब्राउन सुगर (खैरो हेरोइन) बरामद गरेको छ। यही अवधिमा प्रहरीको कारबाहीका क्रममा गोली प्रहारपछि दुई भारतीय लागुऔषध कारोबारी पक्राउ परेका छन् भने ५१४ जना पक्राउ परेका र ३४३ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

पछिल्लो डेढ साताभित्र मात्रै लागुऔषध नियन्त्रण अभियानका क्रममा दुई छुट्टाछुट्टै घटनामा प्रहरीले आत्मरक्षाका लागि गोली प्रहार गर्नुपरेको थियो। दुवै घटनामा भारतका दुई जना लागुऔषध कारोबारी पक्राउ परेका छन्।



गत ७ असार मा सिरहा नगरपालिका-२१ लगडीगोठ क्षेत्रमा लागुऔषध कारोबार भइरहेको गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय महेशपुरपतार र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारको संयुक्त टोलीले छापा मारेको थियो। प्रहरीको मौखिक चेतावनी अटेर गर्दै कारोबारीहरूले प्रहरीमाथि ढुंगामुढा गरी भारततर्फ

बाँकी पृष्ठ ३

# मधेशका ४८ योजनामा रहेको भुक्तानी समस्याको गाँठो फुक्यो

**अपन दैनिक संवाददाता**
सिरहा, असार २२ गते

मधेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को अन्तिम चरणमा आएर विकास योजनाको भुक्तानी सम्बन्धी विवादको समाधान गरेको छ।

मधेश सरकारको असार १८ गते बसेको मन्त्रिपरिषद् बैठकबाट बजेट कार्यान्वयन सहज बनाउनेगरी बाधा अड्काउ फुकाउको निर्णय भएको थियो। सोहीअनुसार सोमबार राजपत्रमा सूचना प्रकाशित भएर योजनामा देखिएको भुक्तानी विवाद हटेको हो।

चालु आर्थिक वर्षको साउनमा तत्कालीन अर्थमन्त्री सुनिल यादवले जारी गरेको खर्च मापदण्डमा योजना कार्यान्वयनअघि अर्थ मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य गरिएको थियो। सोही कारण भौतिक पूर्वाधार विकास मन्त्रालयका ४८ वटा योजनाका मात्र झन्डै एक अर्ब रुपैयाँ बराबरको




भुक्तानी रोकिएको थियो।

पूर्वस्वीकृति लिनुपर्ने प्रावधानले भौतिक पूर्वाधारमात्र होइन, अन्य मन्त्रालयले समेत त्यसरी निर्माणको प्रक्रिया अगाडि बढाउँदा भुक्तानी समस्या उत्पन्न भएको थियो। सम्पन्न भइसकेका योजनाको समेत रकम निकासा हुननसक्दा निर्माण व्यवसायी र उपभोक्ता समितिहरू आन्दोलनमा उत्रिएका थिए। चालु आर्थिक वर्षको लागि यसअघि जारी गरिएको पूर्वस्वीकृति लिनुपर्ने प्रावधान

बाँकी पृष्ठ ४

# बजेटमा युवासम्बन्धी कार्यक्रम समावेश नभएको भन्दै मधेशका मुख्यमन्त्रीलाई ज्ञापनपत्र



**अपन दैनिक संवाददाता**
सिरहा, असार २२ गते

मधेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटमा युवा सम्बन्धी कार्यक्रम र बजेट समावेश नगरिएको भन्दै युवाहरूले मुख्यमन्त्री समक्ष ज्ञापनपत्र बुझाएका छन्।

युवा अभियन्ता मो. नइम राइनको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर रेड बुक प्रदेश सभाबाट पारित गर्नुअघि युवामैत्री बजेट समावेश गरी संशोधन गर्न माग गरेको हो।

ज्ञापनपत्रमा मधेश प्रदेशको कुल जनसंख्याको ठूलो हिस्सा युवा भए पनि खेलकुद तथा समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको युवा महाशाखाका लागि समेत बजेट विनियोजन नगरिनु दुःखद भएको उल्लेख छ।

नीति तथा कार्यक्रममा युवालाई प्राथमिकता दिए पनि बजेटमा त्यसको प्रतिबिम्ब नदेखिएको भन्दै सरकारले तत्काल सुधार गर्नुपर्ने माग गरिएको छ।

बाँकी पृष्ठ २

# सप्तरीको भेटेरिनरी अस्पतालमा अख्तियारको छापा, कार्यालय प्रमुखसहित २ जना पक्राउ

**अपन दैनिक संवाददाता**
सप्तरी, असार २२ गते

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीमा छापा मारेको छ।

पशुचौपाया र बाख्राहरूमा लाग्ने महामारी जन्य रोग विरुद्ध लगाइने पीपीआर खोप लगाउन नियुक्ति गरेका भ्याक्सिनेटरसँग भुक्तानीका लागि २० देखि २५ प्रतिशतसम्म रकम प्रति भ्याक्सिनेटर घुस मागेको उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले छापा मारेको हो।

अख्तियारको टोलीले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीका कार्यालय प्रमुख रामपवित्र दास र सवारी चालक भोगेन्द्र यादवलाई नियन्त्रणमा लिएको छ।

उनीहरूलाई अख्तियारको टोलीले कार्यालयबाटै नियन्त्रणमा लिएको




जानकारी आफूले पाएको सप्तरीका प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाले बताए।

कार्यालय प्रमुख दासले भ्याक्सिनेटरहरूलाई घुस रकम माग्न सवारीचालकलाई दबाब दिएर फोन गर्न लगाउने गरेका थिए।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीले भ्याक्सिनेटरहरूलाई भ्याक्सिन लगाएवापत प्रति बाख्रा ५ रूपैयाँ र पशुचौपायाको १० रूपैयाँ दिने गरेको छ।

उनीहरूले भ्याक्सिन लगाएको क्षेत्रका सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गराएर भुक्तानीका लागि निवेदन दिने गरेको छ।

सोही काम गरेको रकम भुक्तानी माग गर्दा कार्यालय प्रमुखले घुस मागेपछि भ्याक्सिनेटरहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सामूहिक उजुरी गरेका थिए।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रहरी कार्यालय सिरहा**
(प्रबन्ध शाखा)

**सम्पत्ति तथा जिन्सी मालसामानहरूको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सुचना**

सुचना नं.- ०२(०८२/८३)
प्रथम पटक प्रकाशित मितिः-२०८३।०३।२३ गते।
ने.सं.११४६

यस जिल्ला प्रहरी कार्यालय सिरहा तथा मातहत समेतको कार्यालय परिसर भित्र विभिन्न कारणले प्रहरी नियन्त्रणमा रहेका स्वामित्व नखुलेका बेवारिसे सवारी साधनहरु कवाड पत्रुमा लिलाम बिक्री गर्ने निर्णय भएको हुँदा उक्त सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन मिति २०८३।०४।०६ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति,फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ। लिलाम बिक्री हुने सवारी साधनहरुको न्यूनतम कवोल रकम ८६१८००।-(आठ लाख एक साठ्ठी हजार आठ सय मात्र) तोकिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा लिलाम बिक्री हुने सवारी साधनहरुको विवरण हेर्नु परेमा तल दिइएको QR CODE Scan गरी वा यस कार्यालयको जिन्सी शाखा (९८०७३४०८१८) मा सम्पर्क गरी जानकारी लिन हुन अनुरोध गरिएको छ।

**सवारी साधनहरुको विवरणः**

# स्थानीय सरकारले प्रधानाध्यापकलाई जुनसुकै बेला हटाउन सक्ने

**अपन दैनिक संवाददाता**
सिरहा, असार २२ गते

स्थानीय सरकारले प्राधानाध्यापक हटाउन सक्ने गरी शिक्षा नियमावली संशोधन गरिएको छ।

गत बिहीबार सरकारले स्विकृत गरेको नियमावलीको १०औं संशोधनले स्थानीय तह प्रमुखले प्रधानाध्यापकलाई जतिबेला पनि हटाउन सक्ने व्यवस्था गरेको हो।

'प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा स्थानीय तहको शिक्षासम्बन्धी विषय हेर्ने शाखा प्रमुख वा निजले तोकेको अधिकृतले




दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा स्थानीय तह प्रमुखले प्रधानाध्यापकको पदबाट जहिलेसुकै हटाउन सक्नेछ,' नियमावलीमा राखिएको छ।

स्थानीय तहले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि प्रतिस्पर्धाबाट छनोट गर्न सकिने व्यवस्था पनि गरिएको छ।

बाँकी पृष्ठ ३



अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# बालेनलाई 'थ्रेट'मा राख्ने रास्वपा विधान



✍ मिलन बुढाथोकी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संशोधित विधान सार्वजनिक गरेको छ। ६ असारमा चितवनको भरतपुरमा बसेको केन्द्रीय समितिको बैठकले संशोधित विधान पारित गरेको थियो। पार्टीले ३ वैशाखमा तत्कालीन सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा विधान संशोधन समिति बनाएको थियो।

नेताहरू डा. चन्दा कार्की, गणेश पराजुली, प्रकाशचन्द्र परियार र सुशान्त वैदिक उक्त समितिमा थिए । समितिले पार्टीको तल्लो तहदेखि नै सुझाव संकलन गरेर विधान संशोधनको ड्राफ्ट केन्द्रीय समितिको बैठकमा पेस गरेको थियो।

७–१३ असारमा भरतपुरमा सम्पन्न महाधिवेशनले सो विधान पारित गरेको हो । सोमबार सार्वजनिक गरिएको विधानमा यसअघिका केही व्यवस्थालाई पुनर्परिभाषित गर्दै केही नवीन व्यवस्थासमेत समावेश गरेको छ । तेस्रो संशोधित विधान १ सय पृष्ठको थियो भने चौथो विधान झण्डै दोब्बर पृष्ठको रहेको देखिन्छ। पृष्ठगत हिसाबले हेर्दा पनि यसअघि रास्वपाले विधानमा राखेका संक्षिप्त व्यवस्थालाई व्याख्यात्मक रूपमा ढालेको छ।

यसअघिको विधानमा पार्टीले आफ्नो सिद्धान्त र आदर्श बुँदागत रूपमा उल्लेख गरेको थियो । तर, नयाँ विधानमा तीनलाई व्याख्या गरिएको छ। रास्वपाले उन्नत लोकतन्त्र र सुशासनलाई पार्टी सञ्चालनको आधारस्तम्भ भनेको छ । जसका लागि 'परिवारवाद र नातावादलाई पूर्ण निषेध' गरेको छ । पार्टीले नीतिगत निर्णय प्रक्रियामै जोड्न 'डिजिटल प्लेटफर्म' को उच्चतम प्रयोग गर्ने, पूर्ण आन्तरिक लोकतन्त्रको अभ्यासका लागि प्रारम्भिक निर्वाचन गर्ने, अवसर, पदोन्नति गर्दा सक्षम र कार्यसम्पादनमा आधारित हुने स्पष्ट पारेको छ।

त्यस्तै पार्टीको जिम्मेवारीमा हुँदा होस् या राज्य सञ्चालनको जिम्मेवारीमा रहँदा होस् प्रत्यक्ष निजी व्यापार, व्यवसाय वा आर्थिक स्वार्थ जोडिएको क्षेत्रमा जिम्मेवारी नदिने उल्लेख गरेको छ। स्वार्थको द्वन्द्व हुनबाट जोगिन यो व्यवस्था राखिएको बताइएको छ । योसँगै समानुपातिकमा अवसर दिँदा 'एक व्यक्ति, एक अवसर' आत्मसाथ गर्ने उल्लेख छ। संशोधित विधानमा एक भाग नै थप गरिएको छ। यसअघि २२ भाग रहेको विधानमा हाल २३ भाग बनाइएको छ।

संशोधित विधानको मुख्य पक्ष नै राजनीतिक दर्शनलाई परिभाषित गर्नु हो । यसअघि रास्वपाले राजनीतिक दर्शनलाई व्याख्या गरेको थिएन । तर, यसपटक भने 'सामाजिक लोकतन्त्र'लाई स्पष्ट रूपमा राजनीतिक दर्शनको रूपमा परिभाषित गरेको देखिन्छ। जसलाई पाँच मूल अधारस्तम्भका रूपमा उल्लेख गरिएको छ। जसमा प्रतिस्पर्धात्मक उदार अर्थतन्त्र, विधिको शासन, जनउत्तरदायी सरकार, लोककल्याणकारी राज्य र समन्यायिक समावेशी समाज उल्लेख छन्।

**सक्रिय सदस्य बन्न ६ महिने परीक्षण**

पार्टीले सदस्यता वितरणलाई कडाइ गर्ने भएको छ । उसले साधारण सदस्यता र सक्रिय सदस्यता गरी दुई प्रकारमा विभाजन गरेको छ। जसमा साधारण सदस्यको रूपमा प्रवेश गरेको ६ महिनापछि मात्रै 'सक्रिय सदस्यता' दिइनेछ । सो कार्यका लागि पार्टीले सञ्चालन गरेका अभिमुखीकरण कार्यक्रम (भौतिक वा भर्चुअल) मा अनिवार्य सहभागी भएको हुनुपर्नेछ।

साधारण सदस्यको हकमा भने पार्टीको विचार र विधानप्रति पूर्ण सहमति जनाई तोकिएको डिजिटल वा भौतिक फाराम भरी प्रारम्भिक सदस्य शुल्क बुझाउने जुनसुकै नेपाली नागरिक साधारण सदस्य बन्न सक्ने उल्लेख छ।

सक्रिय सदस्यको हकमा भने आन्तरिक निर्वाचनमा मतदान गर्ने, उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुने र जुनसुकै कार्यकारी वा सार्वजनिक पदको उम्मेदवार बन्न पाउने पूर्ण अधिकार हुनेछ । यस्तो पार्टी सदस्यता बन्न १८ वर्षको उमेर पूरा भएको हुनुपर्नेछ।

**१५८ सर्वोच्च कार्यकारी निकाय**

रास्वपाको १५८ सदस्यीय केन्द्रीय सर्वोच्च निकाय रहनेछ । जसमा ७ प्रदेश सभापति पदेन केन्द्रीय सदस्य हुनेछन् । राष्ट्रिय महाधिवेशनबाट १ जना सभापति, (९९ निर्वाचित केन्द्रीय सदस्य, ५१ जना सभापतिद्वारा मनोनीत हुने व्यवस्था छ। सभापतिको हकमा भने एक कार्यकाल केन्द्रीय समितिको सदस्य भई काम गरिसकेको हुनुपर्ने उल्लेख छ। साथै सभापतिमा प्रत्याशी व्यक्तिले कुल सदर मतको १० प्रतिशत मात्रै ल्याए पनि केन्द्रीय सदस्य हुने विधानमा उल्लेख छ। त्यस्तै विधानमा समग्र समितिको एकतिहाइमा महिला प्रतिनिधित्व अनिवार्य गरेको छ।

सभापतिसहित पदाधिकारी सङ्ख्या १८ पुर्‍याएको छ। जसमा सभापति- १ जना, उपसभापति- ३ जना, महामन्त्री- २ जना, सहमहामन्त्री- ५ जना, प्रवक्ता- १ जना, सहप्रवक्ता- ३ जना र कोषाध्यक्ष- १ जना राखिएको छ।

पदाधिकारीका १८ पदमध्ये ११ जना मनोनयनबाट पदपूर्ति हुने वैधानिक व्यवस्था छ। सभापतिसहित ७ पदमा महाधिवेशन प्रतिनिधिले निर्वाचित गर्नेछन् । निर्वाचन हुने पदमा सभापति, दुई उपसभापति (एक महिला अनिवार्य), एक महामन्त्री, एक महिलासहित ३ सहमहामन्त्री पदका लागि निर्वाचन हुने व्यवस्था छ। त्यस्तै सभापतिले मनोनयन गर्ने पदमा १ उपसभापति, १ महामन्त्री, २ सहमहामन्त्री, १ प्रवक्ता, ३ सह-प्रवक्ता, १ कोषाध्यक्ष र २ सहकोषाध्यक्ष रहनेछन्।

**रास्वपाका धेरै जना वरिष्ठ नेता**

रास्वपाले चलाखीपूर्ण ढङ्गले वरिष्ठ नेता एक जना मात्रै नहुने कुरा राखेको छ। पार्टी सभापतिपछि दोस्रो स्थानमा वरीयता रहने भने पनि मनोनीत उक्त पदमा दुईभन्दा बढी हुनसक्ने खुलाइएको छ। बहु-वरिष्ठ नेता राख्ने सन्दर्भमा विधानमा भनिएको छ, 'मनोनीत वरिष्ठ नेताहरूको सङ्ख्या दुई वा दुईभन्दा बढी भएको अवस्थामा, निजहरूबीचको आपसी वरीयता क्रम केन्द्रीय समितिले निर्णय गरी निर्धारण गरेबमोजिम हुनेछ।'

रास्वपाको ३३ सदस्यीय सचिवालय गठन हुने र जसमा १२ पदाधिकारी पदेन सदस्य र २० सभापतिद्वारा मनोनीत गरिने उल्लेख छ।

**निर्वाचित प्रतिनिधिलाई फिर्ता बोलाउन सकिने 'राइट टु रिकल' को व्यवस्था**

रास्वपाले जुनसुकै तहमा निर्वाचित जनप्रतिनिधिलाई फिर्ता बोलाउन सक्ने 'राइट टु रिकल'लाई विधानमा व्यवस्था गरेको छ । यस व्यवस्थाबमोजिम जनप्रतिनिधिहरूलाई पार्टीको नीति, वाचापत्र र जनअपेक्षाप्रति पूर्ण जवाफदेही बनाउन उक्त व्यवस्था राखिएको स्पष्ट पारेको छ।

'राइट टु रिकल' को प्रक्रियामा सम्बन्धित निर्वाचन क्षेत्रका निश्चित प्रतिशत सदस्यहरूले जनप्रतिनिधिले जनअपेक्षाविपरीत वा पार्टीको हितविपरीत काम गरेको भनी सप्रमाण लिखित उजुरी/मागदाबी पेस गरे वा गम्भीर प्रकृतिको विचलन भएको प्रतिवेदन अनुशासन आयोगमा पेस गरे फिर्ता बोलाउन सकिने भनिएको छ।

**संसदीय दलको नेतालाई पदमुक्त गर्न सक्ने**

रास्वपाले संसदीय दलको नेतालाई पदमुक्त गर्नसक्ने प्रावधान राखेको छ। जसमा उक्त नेताले लिखित राजीनामा दिएमा, मृत्यु भएमा, निजको सांसद पद खारेज भएमा, निजले पार्टी त्याग गरेमा वा पार्टीबाट निष्कासित भएमा संसदीय दलको नेता पदमुक्त हुने भनिएको छ।

त्यस्तै अर्को प्रावधानमा संसदभित्र विश्वासको मत गुमाएमा र उक्त

बाँकी पृष्ठ ४ ▶▶

## सम्पादकीय...

### जयनगर-बर्दिवास रेलमार्गको पखाई

जयनगर-बर्दिवास रेलमार्ग नेपालको बहुप्रतीक्षित पूर्वाधार आयोजनामध्ये एक हो। लामो समयदेखि जग्गा अधिग्रहण, मुआब्जा विवाद, प्रशासनिक जटिलता तथा निर्माणमा भएको ढिलाइका कारण यो आयोजना अपेक्षित गतिमा अघि बढ्न सकेको थिएन । तर हाल मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै निर्माण कार्यले पुनः गति लिएको समाचारले विकासप्रेमी सबैलाई आशावादी बनाएको छ । अब यस अवसरलाई सदुपयोग गर्दै निर्धारित समयभित्र आयोजना सम्पन्न गर्नु सम्बन्धित निकायको प्रमुख दायित्व हो । नेपाल रेल्वे कम्पनीले आगामी दुई वर्षभित्र बर्दिबाससम्म रेल सेवा सञ्चालन गर्ने लक्ष्य राखेको छ। निर्माण कम्पनी इरकन इन्टरनेसनलले धनुषा र महोत्तरी क्षेत्रमा ट्र्याक निर्माणलाई तीव्रता दिएको छ । यसअघि जयनगर-कुर्था खण्डमा नियमित रेल सेवा सञ्चालनमा आइसकेको अनुभवले परियोजनाको सम्भावना प्रमाणित गरिसकेको छ । अब बाँकी खण्ड समयमै सम्पन्न भएमा यसले मधेश प्रदेश मात्र होइन, समग्र देशको यातायात प्रणालीमा नयाँ अध्याय थप्नेछ।

जयनगर-बर्दिवास रेलमार्ग नेपाल-भारतबीचको महत्वपूर्ण सीमापार रेल परियोजना हो। यसले दुई देशबीचको आवागमनलाई सहज बनाउने, व्यापारिक लागत घटाउने, पर्यटन प्रवर्द्धन गर्ने तथा सीमावर्ती क्षेत्रको आर्थिक गतिविधिलाई थप चलायमान बनाउने अपेक्षा गरिएको छ । आधुनिक रेल सेवा विस्तारले सडक यातायातमाथिको अत्यधिक निर्भरता कम गर्नुका साथै सुरक्षित, सुलभ र वातावरणमैत्री यातायात प्रणाली विकास गर्न पनि मद्दत पुग्नेछ। दीर्घकालमा यसले औद्योगिक विकास, रोजगारी सिर्जना र क्षेत्रीय आर्थिक वृद्धिमा सकारात्मक योगदान पुर्‍याउन सक्छ। यद्यपि निर्माणको गति बढेसँगै देखिएका केही चुनौतीलाई बेवास्ता गर्न मिल्दैन। नेपाल रेल्वे कम्पनीले आफ्नो अतिक्रमित जग्गाको खोजी सुरु गरेको तथ्यले सार्वजनिक सम्पत्तिको संरक्षणमा विगतमा पर्याप्त ध्यान नदिइएको देखाउँछ। रेलमार्गको जग्गा अतिक्रमण हुनु कानुनी समस्या मात्र होइन, भविष्यमा रेल सञ्चालनको सुरक्षा र विस्तारका लागि पनि गम्भीर चुनौती हो। त्यसैले नक्साका आधारमा वास्तविक सीमा निर्धारण गरी अतिक्रमण हटाउने, आवश्यक कानुनी प्रक्रिया पूरा गर्ने तथा स्थानीय समुदायसँग सहकार्य गरेर दीर्घकालीन समाधान खोज्नु आवश्यक छ।

यस आयोजनाबाट प्रभावित स्थानीय बासिन्दाको हितलाई पनि उत्तिकै महत्व दिनुपर्छ। मुआब्जा वितरण पारदर्शी, न्यायपूर्ण र समयमै हुनुपर्छ । विकासका नाममा कसैको अधिकार उपेक्षित हुनु हुँदैन भने अर्कोतर्फ सार्वजनिक हितका आयोजना अनावश्यक विवादका कारण रोकिन पनि हुँदैनन्। सरकार, स्थानीय तह, निर्माण कम्पनी र स्थानीय समुदायबीच निरन्तर संवाद र सहकार्य भएमा यस्ता समस्या न्यून गर्न सकिन्छ। नेपालमा रेल पूर्वाधारको विकास एउटा यातायात परियोजना होइन, आर्थिक रूपान्तरणको आधार पनि हो । भविष्यमा बर्दिबासबाट पूर्व-पश्चिम रेल सञ्जालसँग जोड्ने दीर्घकालीन योजना सफल भएमा देशको आन्तरिक तथा अन्तर्राष्ट्रिय सम्पर्क थप सुदृढ हुनेछ। त्यसका लागि निर्माणको गुणस्तर, समयसीमा, वित्तीय अनुशासन र प्रभावकारी अनुगमनमा कुनै सम्झौता हुनु हुँदैन। जयनगर-बर्दिवास रेलमार्गले अब आशा जगाएको छ। मुआब्जा विवाद समाधानसँगै सुरु भएको निर्माणको नयाँ गति बीचमै नरोकिनु नै सबैभन्दा ठूलो चुनौती हो । सरकार र सम्बन्धित निकायले दृढ इच्छाशक्ति, पारदर्शिता र उत्तरदायित्वका साथ काम गरेमा यो आयोजना केवल रेल सेवा विस्तारमा सीमित रहनेछैन, बरु नेपालमा आधुनिक पूर्वाधार विकासको सफल नमुनाका रूपमा स्थापित हुनेछ।

### बजेटमा युवासम्बन्धी कार्यक्रम समावेश ..........

युवाहरूले रेड बुक संशोधन गरी युवा शाखा तथा युवामुखी कार्यक्रमका लागि छुट्टै बजेट व्यवस्था गर्न, प्रदेश युवा नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याउन, प्रदेश युवा परिषद् गठन गर्न तथा नेतृत्व विकास, उद्यमशीलता, नवप्रवर्तन, स्वयंसेवा र सामाजिक रूपान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न माग गरेका छन्। ज्ञापनपत्र बुझाउँदै युवा अभियन्ता राईनले युवाको भविष्यसँग खेलबाड नगर्न सरकारलाई आग्रह गरे।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री कृषण प्रसाद यादवले युवाहरूले उठाएका विषयप्रति सरकार गम्भीर रहेको बताउँदै बजेट पारित हुनुअघि आवश्यक समन्वय र संशोधनका लागि पहल गर्ने आश्वासन दिएका छन्।

## आजको राशिफल

**मेष** : सुनिश्चित हुनेछ। लगानी लाभदायक बन्नेछ। आँट र साहसिक प्रयासले नयाँ अवसरहरू प्राप्त हुने संकेत छ।

**बृष** : पुराना आकाङ्क्षा पूरा हुने समय आएको छ। मिहिनेतको कदर हुनेछ। कर्मक्षेत्रमा प्रगति र सम्मान बढ्ने सम्भावना छ।

**मिथुन** : सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ। नयाँ जिम्मेवारी हात पर्नेछ। प्रतिष्ठा र प्रभाव बढ्ने समय हो।

**कर्कट** : मिहिनेतको प्रतिफल पाइनेछ। अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ।

**सिंह** : पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ। यात्राको योजना बन्न सक्छ। सम्बन्धहरू प्रगाढ र स्थायित्वपूर्ण बन्नेछन्।

**कन्या** : परीक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ। नयाँ जिम्मेवारी थपिन सक्छ।

**तुला** : आकाङ्क्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।

**वृश्चिक** : आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ।

**धनु** : सहकार्य र धैर्यले समस्या समाधान हुनेछ। मन लागेको कार्यमा सन्तोषजनक उपलब्धि प्राप्त हुनेछ।

**मकर** : नयाँ काम थाल्न उपयुक्त समय हो। आर्थिक स्थायित्व आउने संकेत छ। परीक्षा र प्रतिस्पर्धामा सफलता मिल्नेछ।

**कुम्भ** : काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ। रणनीतिक परिवर्तन लाभदायक हुनेछन्।

**मीन** : व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ। स्वास्थ्यमा सुधार देखा पर्नेछ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# 'पहिलो मधेशी प्रधानमन्त्री' बालेनसँग सय दिनमै बिच्कियो मधेश, जब रास्वपाकै सांसद सरकारविरुद्ध उभिए

## 'बालेनको अनुहार हेरेर मधेशका नागरिकले जुवा खेले, सय दिनमै ठगिएको महशुस गरे'



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २२ गते**

नेपालको राजनीतिक इतिहासमै पहिलोपटक मधेशी समुदायको अभूतपूर्व समर्थन र १८२ सिटको विशाल बहुमतसहित प्रधानमन्त्री बालेन्द्र शाहले सरकार बनाएको सय दिन मात्र पुगेको छ।

फागुन २१ गतेको चुनावको लागि मधेशकै भूमिबाट प्रचार सुरु गरेपछि बालेनको पक्षमा मधेश यसरी होमियो कि प्रत्यक्ष र समानुपातिकतर्फ रास्वपाले ऐतिहासिक मत पायो। र, बालेन नेपालको इतिहासमै मधेशी समुदायबाट प्रधानमन्त्री बन्ने पहिलो व्यक्ति बने। जसले मधेशमा खुसियाली छायो। तर, त्यो उत्साह एकाएक सेलाउँदै गएको मधेशका नेता तथा विश्लेषकहरुको भनाइबाट बुझ्न सकिन्छ।

मधेश मामिलाका अध्येता चन्द्रकिशोर रास्वपाकै सांसदहरू समेत बालेन सरकारसँग असन्तुष्ट बन्दै गएको बताउँछन्।

अहिलेसम्म अमरेशकुमार सिंह, जेनजी अभियन्ता समेत रहेका सांसद पुरुषोत्तम यादव र सांसद तपेश्वर यादवले बालेन सरकारविरुद्ध मुख खोलेका छन्। मनिष झा पनि सरकारको कार्यशैलीप्रति खुसी छैनन्।

सिंहले संसद् र सार्वजनिक मञ्चबाटै सरकारको आयुमाथि गम्भीर प्रश्न उठाएका छन्।

'नेपालको इतिहासमा दुई तिहाइको कुनै पनि सरकार सफल भएको छैन,' उनले एक टेलिभिजनसँगको अन्तर्वार्तामा भनेका थिए, 'त्यसकारण हाम्रो देशको राजनीतिक अभिसाप के छ भने बहुमत वा दुई तिहाइ आएपछि मात लाग्छ इतिहासले त्यही बताउँछ।'

त्यसपछि सिंहले संसदमा र बाहिर सार्वजनिक मञ्चमा पनि बालेन सरकारले मधेशलाई अपमानित गरेको अभिव्यक्ति दिँदै आएका छन्।

यस्तै, रास्वपाकै अर्का सांसद पुरुषोत्तम यादवले समेत संसद्को रेकर्डमै रहने गरी बालेन सरकारप्रति कडा आक्रोश पोखेका छन्। सरकारलाई कुम्भकर्णको संज्ञा दिँदै उनले अब ब्युँझाउन घण्टी नै बजाउनुपर्ने बेला आएको बताए।

रास्वपाका वरिष्ठ नेता समेत रहेका बालेनसँग आफ्नै पार्टीका सांसद बिच्किनुलाई सामान्य मान्न नहुने मधेश मामिलाका विश्लेषक विजयकान्त कर्ण बताउँछन्।

'रास्वपाको पहिलो महाधिवेशनमा मधेशी समुदायको प्रतिनिधित्व भएको देखिएन,' कर्णले भने, 'रास्वपाले संघीयता खारेज गर्ने योजना अघि सार्‍यो। गाउँपालिकामा गाउँ सभा छ, केन्द्रमा छ, प्रदेशमा प्रदेशसभा चाहिँदैन भनेको खारेज नै गर्न खोजेको हो। यसले सांसदहरू बिच्किनु स्वाभाविकै हो।'

'किनकि, मधेशको लाइफलाइन भनेकै संघीयता, समावेशिता, पहिचान र समानुपातिक प्रतिनिधित्व हो,' कर्णले थपे, 'पार्टीकै डकुमेन्टमा लेखेपछि रास्वपा संघीयताविरोधी पार्टी हो भन्ने देखियो, जसले गर्दा यहाँबाट प्रतिनिधित्व गर्ने सांसदहरूसँग जनतालाई दिने जवाफ भएन।'

कर्णका अनुसार सरकारले भारतबाट सय रुपैयाँभन्दा बढी मूल्यको सामान किनेर नेपाल ल्याउँदा भन्सार तिर्नुपर्ने व्यवस्था गरेपछि दुई चार हजारको सामान किन्न भारत जानु पर्ने अवस्थामा रहेका सीमा क्षेत्रमा बसोबास गर्ने नागरिक समस्यामा परेका छन्।

'परम्परादेखि चलिआएको नेपाल-भारत सम्बन्ध खल्बल्याउन खोजेको महसुस यहाँका नागरिकले गरेका छन्,' उनी भन्छन्, 'सरकारले गरेको पछिल्ला नियुक्तिहरूमा पनि मधेशको प्रतिनिधित्व शून्य जस्तै बनायो। यही कारण रास्वपाकै सांसद सरकारविरुद्ध बोल्न बाध्य भए।'

उनले यही क्रम कायम रहे मधेशबाट असन्तुष्टी बढ्दै गएर मुलुक द्वन्द्वतिर जानसक्ने खतरा रहेको बताए।

लेखक तथा मधेश मामिलाका विश्लेषक चन्द्रकिशोर पनि प्रधानमन्त्री बालेनका केही व्यवहारले मधेश संशकित हुँदै गएको बताउँछन्।

'मधेशले चुनावमा जुवा खेल्यो, बालेन्द्र हुन्, मधेशी अनुहार हुन्, एकपटक हेरौं न त भनेर जुवा खेलेका हुन्,' चन्द्रकिशोरले भने, 'तर, यति छोटो समयमा उनीहरू ठगिएको अनुभव गरिरहेका छन्।'

लामो समयदेखि मधेशमा राजनीति गरेर वर्चस्व जमाइरहेका उपेन्द्र यादव, महन्थ ठाकुर, प्रभु शाह, राजेन्द्र महतो र सीके राउतपनि प्रधानमन्त्री बालेनसँग तर्सिएका छन्। जबकि, प्रतिनिधिसभा निर्वाचन समीक्षा गर्न फागुन २९ गते बसेको मधेशी मोर्चाको बैठकले बालेनलाई सहयोग गर्ने निष्कर्ष निकालेको थियो।

'नेपाली जनताले विगत लामो समयदेखि गरेको संघर्ष र बलिदानीबाट स्थापित गणतन्त्र, संघीयता, समावेशिता लगायतका उपलब्धिहरूलाई संस्थागत गर्दै संविधान संशोधन, सीमांकन हेरफेर, जनसंख्याको आधारमा प्रतिनिधित्व, लाल आयोगको प्रतिवेदन सार्वजनिक,

बाँकी पृष्ठ ४ ▸▸

# वीरगन्जमा फेरि चल्यो डोजर



**अपन दैनिक संवाददाता**
**पर्सा, असार २२ गते**

वीरगन्जमा डोजर अभियान पुनः सुचारूस्थानीयको अवरोधपछि रोकिएको वीरगन्जको मुख्य सडक क्षेत्रमा सडक सीमाभित्र परेका घर तथा संरचनामा डोजर चलाउने अभियान सोमबार बिहान पुनः सञ्चालन भएको छ।

स्थानीयको अवरोधपछि रोकिएको वीरगन्जको मुख्य सडक क्षेत्रमा सडक सीमाभित्र परेका घर तथा संरचनामा डोजर चलाउने अभियान सोमबार बिहान पुनः सञ्चालन भएको छ।

सडक डिभिजन कार्यालय हेटौंडाले शुक्रबार दिउँसो करिब १ बजेदेखि त्रिभुवन राजमार्गअन्तर्गत वीरगन्जको मुख्य सडक क्षेत्रमा सडक सीमा अतिक्रमण गरी बनेका संरचना हटाउने अभियान सुरु गरेको थियो। कृषि औजार कारखानासम्मका संरचना हटाइसकेपछि साँझ करिब ५ बजे बहुअरी क्षेत्रका स्थानीयले डोजर सञ्चालनमा अवरोध गरेपछि अभियान रोकिएको थियो।

स्थानीयले वीरगन्ज महानगरपालिकासँग आवश्यक समन्वय नगरी सडक विस्तारको काम अघि बढाइएको तथा यस विषयमा सरोकारवाला निकायबीच छलफल जारी रहेकाले तत्काल डोजर चलाउन नदिने अडान लिएका थिए।

तर सोमबार बिहान साढे ६ बजे देखि पुनः कामलाई निरन्तरता दिइएको डिभिजन कार्यालय हेटौंडाका इन्जिनियर तथा वीरगन्जका लागि तोकिएका फोकल पर्सन दुर्गा प्रसादले जानकारी दिए। बिहानदेखि ३ वटा डोजर प्रयोग गरिएको छ।

अभियान महानगरको उत्तरी क्षेत्रबाट सुरु गरी क्रमशः दक्षिणतर्फ नेपाल-भारत सीमा क्षेत्रसम्म विस्तार गर्ने योजना रहेको उनले बताए।

# घट्दै सर्पदंशको उपचार लिने बिरामी

**अपन दैनिक संवाददाता**
**महोत्तरी, असार २२ गते**

विषालु सर्पको बिगबिगी भएको महोत्तरीको बर्दिबास आसपासका क्षेत्रमा केही वर्षयता सर्पदंशको उपचार लिने घटेका छन्। बर्दिबास-३ गौरीडाँडास्थित सर्पदंश उपचार केन्द्रमा पछिल्ला ४ वर्षयता उपचार लिनेको सङ्ख्या घटेको तथ्याङ्कले देखाएको हो।

विसं २०७१ साउन ३१ गतेदेखि सेवा थालेको केन्द्रमा आर्थिक वर्ष २०७९/८० यता उपचार लिनेको सङ्ख्या निकै घटेको छ। त्यसअघि वर्षमा चार हजार बढीले उपचार लिने गरेकामा केन्द्रमा २०७९/८० यता यो सङ्ख्या एक हजारमुनि झरेको छ। केन्द्रमा आव २०७९/८० मा ८७८, आव २०८०/८१ मा ८८४ र आव २०८१/८२ मा ७०२ जनाले उपचार लिएका छन्। चालु आव २०८२/८३ को (असार २० गते) सम्मको अवधिमा ७२२ जनाले उपचार लिएका उपचारमा संलग्न नेपाली सेनाको प्राविधिक टोलीका प्रमुख भोला चौधरीले जानकारी दिए।

केन्द्रमा स्थापनायताका वर्षमा सबैभन्दा बढी आव २०७७/७८ मा चार हजार १९१ जनाले उपचार लिएका छन्। त्यसैगरी, आव २०७६/७७ मा तीन हजार ९४७,

बाँकी पृष्ठ ४ ▸▸

# तीन वर्षमा अढाई केजीभन्दा बढी ब्राउन सुगर बरामद .............

भाग्ने प्रयास गरेपछि प्रहरीले एक राउन्ड हवाई फायर गरेको थियो। त्यसपछि पनि आक्रमण नरोकिएपछि आत्मरक्षाका लागि अर्को राउन्ड गोली प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

प्रहरीको गोली लागेर भारतको बिहार राज्य, मधुबनी जिल्ला, पदमाहा ग्राम पञ्चायत-२ जोगिया टोल निवासी २८ वर्षीय रञ्जित कुमार पासवान (छोटु) घाइते भएका थिए। घटनामा इलाका प्रहरी कार्यालय महेशपुरपतारमा कार्यरत प्रहरी जवान हृदयनारायण ठाकुर पनि सामान्य घाइते भएका थिए। प्रहरीले एक नाबालकलाई समेत नियन्त्रणमा लिएको थियो। उनीहरूको साथबाट प्लास्टिकसहित १०१.६० ग्राम तथा प्लास्टिकबाहेक ९२.३० ग्राम ब्राउन सुगर बरामद भएको प्रहरी उपरीक्षक वासुदेव पाठकले जानकारी दिए।

यस्तै, १९ असार मा नवराजपुर गाउँपालिका-५ झाँझपट्टीस्थित नेपाल-भारत सीमामा भारतबाट ब्राउन सुगर ल्याउँदै गरेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहा, लागुऔषध नियन्त्रण ब्युरो गोलबजार र इलाका प्रहरी कार्यालय महेशपुरपतारको संयुक्त टोली परिचालन गरिएको थियो। चेकजाँचका क्रममा बिआर-३२ एआर-६०२४ नम्बरको भारतीय मोटरसाइकलमा सवार व्यक्तिहरूले प्रहरीमाथि कट्टुवा पेस्तोलबाट गोली प्रहार गरेपछि प्रहरीले आत्मरक्षाका लागि दुई राउन्ड गोली चलाएको थियो।

घटनामा भारतको बिहार राज्यका ३५ वर्षीय अब्दुल कलाम घाइते भएका थिए। उनको साथबाट एक थान कट्टुवा पेस्तोल र प्लास्टिकसहित १२२.८० ग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ।

प्रहरी उपरीक्षक पाठकका अनुसार पक्राउ परेका दुवै भारतीय नागरिक सीमापारबाट नेपालमा लागुऔषधको सञ्जाल सञ्चालन गर्दै आएका मुख्य कारोबारी हुन्। प्रारम्भिक अनुसन्धानबाट रञ्जित कुमार पासवानको नाम सिरहामा दर्ता भएका छ वटा लागुऔषध मुद्दासँग जोडिएको खुलेको छ। उनले नेपालमा करिब १० देखि १२ किलोग्राम ब्राउन सुगर बिक्री-वितरण गरी करिब तीन करोड रुपैयाँ बराबरको कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार लागुऔषध कारोबारीहरूले सुरुआती चरणमा नाबालक तथा युवाहरूलाई प्रयोग गरी खरिदकर्तासम्म पुग्ने र पछि मुख्य कारोबारी आफैं नेपाली सीमाभित्र प्रवेश गरेर रकम असुल्ने गरेको अनुसन्धानबाट खुलेको छ। सीमावर्ती क्षेत्रमा सक्रिय यस्ता सञ्जालमाथि निगरानी बढाइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/०८१ मा २१३ ग्राम ८३४ मिलिग्राम, २०८१/०८२ मा एक किलो ५३५ ग्राम १३४ मिलिग्राम र चालु आर्थिक वर्षको असार दोस्रो सातासम्म ७३२ ग्राम ६७० मिलिग्राम ब्राउन सुगर बरामद गरिएको छ। यसरी तीन वर्षमा कुल दुई किलो ४८१ ग्राम ६३८ मिलिग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ।

यस अवधिमा प्रहरीले भारतबाट तस्करी गरी ल्याइएका लुपिजेसिक, प्रोमेथाजिन, ब्युप्रेनोर्फिन, फेनारगन, डाइजेपाम, नुफिन, नाइट्राजेपाम, नाइट्राभेट, कोडिन र कोडिवेल लगायतका औषधिजन्य लागुऔषधसमेत ठूलो परिमाणमा बरामद गरेको छ। साथै, नेपालबाट भारततर्फ तस्करी गर्न लागिएको चार हजार २५८ किलोग्राम तयारी गाँजा पनि नियन्त्रणमा लिइएको प्रहरीको तथ्यांकमा उल्लेख छ।

तीन वर्षको अवधिमा लागुऔषध कारोबार तथा ओसारपसारमा संलग्न ५१४ जना पक्राउ परेका छन्। आर्थिक वर्ष २०८०/०८१ मा १६४, २०८१/०८२ मा १८० र चालु आर्थिक वर्षको असार दोस्रो सातासम्म १७० जना पक्राउ परेका हुन्। यस अवधिमा ३४३ वटा लागुऔषध सम्बन्धी मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ।

सीमावर्ती जिल्ला भएकाले सिरहा लागुऔषध तस्करहरूको मुख्य ट्रान्जिट मार्ग बन्दै गएको भन्दै चिकित्सक डा. नरेश मण्डलले सीमा क्षेत्रमा थप प्रभावकारी निगरानी, समुदाय-प्रहरी सहकार्य र युवालाई लागुऔषध दुर्व्यसनबाट जोगाउने सचेतनामूलक अभियानलाई सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता औँल्याएका छन्।

प्रहरी उपरीक्षक पाठकले सीमावर्ती क्षेत्रमा सक्रिय लागुऔषध सञ्जालविरुद्ध विशेष अभियानलाई अझ सशक्त बनाइने बताउँदै लागुऔषध उत्पादन, ओसारपसार, बिक्री-वितरण तथा प्रयोगमा संलग्न जो-कोहीमाथि कानुनअनुसार कडा कारबाही गरिने स्पष्ट पारे।

# स्थानीय सरकारले प्रधानाध्यापकलाई ...........

आधारभूत तहको हकमा स्नातक र माध्यमिक तहको हकमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकमध्येबाट दरखास्त आह्वान गर्नेछ।

शिक्षाशास्त्र विषयमा स्नातक तह वा सो सरहको परीक्षा उतीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा र शिक्षाशास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभुत तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछन्।

विद्यालयको सम्बन्धित तहमा स्थायी शिक्षक कार्यरत नरहेमा स्थानीय तहभित्रको जुनसुकै विद्यालय र स्थानीय तहभित्रको सम्बन्धित तहमा समेत स्थायी शिक्षक कार्यरत नरहेमा जिल्लाभित्रको जुनसुकै विद्यालयमा कार्यरत स्थायी शिक्षकबाट दरखास्त आह्वान गर्न सकिने प्रावधान राखिएको छ। स्थानीय तहले सात दिनभित्र प्रधानाध्यापक पदमा नियुक्ति गर्न पाउनेछ।


- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**





# ठोरी सीमा नाका र छोटी भन्सार तत्काल सञ्चालन गर्न माग

**अपन दैनिक संवाददाता**
**पर्सा, असार २२ गते**




पर्साको ठोरीस्थित नेपाल-भारत सीमा नाका तथा छोटी भन्सार कार्यालय तत्काल सञ्चालनमा ल्याई पर्यटकको आवागमन सहज बनाउन माग गर्दै पर्यटन विकास समिति, ठोरीले जिल्ला प्रशासन कार्यालय पर्सामा ज्ञापनपत्र बुझाएको छ।

समितिका सचिव रवि पौडेलले सोमबार प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा ठोरी सीमा नाका ऐतिहासिक, पर्यटकीय तथा आर्थिक दृष्टिले नेपाल-भारतबीचको महत्त्वपूर्ण प्रवेशद्वार रहेको र विक्रम सम्वत् १९११ देखि सञ्चालनमा रहेकामा दुई देशबीच सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय तथा व्यापारिक सम्बन्ध विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख छ।

ठोरी मधेश प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित भइसकेको र चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, सिमसार क्षेत्र, धार्मिक तथा ऐतिहासिक स्थल, जंगल सफारी तथा प्राकृतिक सौन्दर्यका कारण स्वदेशी र विदेशी पर्यटक आकर्षित हुँदै आएको ज्ञापनपत्रमा उल्लेख छ।

ठोरी क्षेत्रमा होटल, रिसोर्ट, होमस्टे, यातायात तथा पर्यटनसँग सम्बन्धित पूर्वाधारमा हालसम्म करिब एक अर्ब रुपैयाँभन्दा बढी निजी लगानी भइसकेको र उक्त लगानीबाट सयौं स्थानीयले प्रत्यक्ष तथा हजारौंले अप्रत्यक्ष रूपमा रोजगारी पाएको पनि ज्ञापनपत्रमा उल्लेख छ।

ज्ञापनपत्रमा नेपाल सरकारले ठोरीमा छोटी भन्सार कार्यालय स्थापना गरे पनि आवश्यक कर्मचारी र व्यवस्थापनको अभावमा प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको र पछिल्ला तीन दिनदेखि सीमा सुरक्षा निकायले भारतीय पर्यटकलाई नाकाबाटै फर्काइरहेकाले यसले पर्यटन व्यवसाय, स्थानीय अर्थतन्त्र तथा नेपालको अन्तर्राष्ट्रिय पर्यटन छविमा नकारात्मक असर परेको उल्लेख छ।

समितिले ठोरी सीमा नाकाबाट पर्यटकको आवागमन तत्काल सुचारु गर्न, भारतीय पर्यटकलाई अनावश्यक रूपमा फर्काउने कार्य रोक्न, छोटी भन्सार कार्यालयमा आवश्यक कर्मचारीको व्यवस्था गरी नियमित सञ्चालन गर्न, राजस्व संकलन र सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा ठोरीलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न आवश्यक सरकारी सहयोग उपलब्ध गराउनसमेत माग गरेको छ।

स्थानीय जनजीवन, पर्यटन व्यवसाय, रोजगारी तथा राष्ट्रिय अर्थतन्त्रमा पर्न गएको असरलाई दृष्टिगत गर्दै सम्बन्धित निकायसँग समन्वय गरी ठोरी सीमा नाका र छोटी भन्सार कार्यालय यथाशीघ्र सञ्चालनमा ल्याउन आवश्यक पहल गरिदिन समेत ज्ञापनपत्रमा माग गरिएको छ । ज्ञापनपत्र बुझाउने टोलीमा ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठ, होटल तथा पर्यटन व्यवसायी संघका केन्द्रीय सदस्य हीरा श्रेष्ठ लगायतका सहभागी थिए।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी भोला दाहालले आफूले केन्द्रसम्म ठोरीका व्यवसायीको माग पुऱ्याउने काम गर्ने प्रतिबद्धता जनाए। वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्ण मैनालीले ठोरी छोटी भन्सार नाकाबाट भारतीय पर्यटकको सवारी साधनलाई प्रवेश इजाजत दिन नसकिने कानुनी असमर्थता जनाएका थिए । उनले पनि भन्सार विभागको आदेश आएमा मात्र यो काम गर्न सक्ने बताएका थिए । सशस्त्र प्रहरी उपरीक्षक मोहनसिंह क्षेत्रीले ठोरी नाकामा मात्र भारतीय पर्यटकलाई प्रवेश सुविधा दिए जिल्लाका अन्य नाकाबाट पनि दिनुपर्ने परिस्थिति सिर्जना हुने र यसले अपराधको दर पनि बढाउन सक्ने खतरा रहेको बताए।

## यातायात कार्यालय प्रमुखबाट सेवाग्राही कुटिएको भिडियो सार्वजनिक, मन्त्रालयको चासो

**अपन दैनिक संवाददाता**
**बारा, असार २२ गते**

यातायात व्यवस्था कार्यालय बारा परिसरमा एक सेवाग्राहीमाथि कार्यालय प्रमुखसहित कर्मचारीले कुटपिट गरेको भिडियो सार्वजनिक भएपछि मन्त्रालयले चासो व्यक्त गरेको छ।

लाइसेन्स बनाउने कामका लागि आएका एक सेवाग्राहीसँग वादविवाद भएपछि कार्यालय प्रमुख चिन्तन आचार्यसहितका कर्मचारीहरु कुटपिटमा उत्रिएका हुन्।

कार्यालय प्रमुखको कार्यकक्षभित्रै सेवाग्राही कुटिएको घटनाको भिडियो सामाजिक सन्जालमा भाइरल भइरहेको छ । साथै सामाजिक सन्जाल प्रयोगकर्ताले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने मागसमेत गरिरहेका छन्।



**भिडियोमा के छ ?**

कोठाभित्र कार्यालय प्रमुख र उनको अघिल्तिर राखिएको सोफामा दुईजना प्रहरी र अर्का एक कर्मचारी बसिरहेका छन् । ढोकामा अर्का कर्मचारी उभिरहेको र एकजना सेवाग्राही कार्ड देखाउँदै कार्यालय प्रमुखसँग संवाद गरिरहेको देखिन्छ। सेवाग्राहीले हातमा रहेको कार्ड कार्यालय प्रमुखलाई हेर्न दिन्छन्।

केहीबेर संवाद हुन्छ र त्यसक्रममा सोफामा बसेका सेवाग्राहीले मोबाइल खल्तीबाट निकालेर भिडियो खिच्न खोजेजस्तो देखिन्छ । त्यसपछि कार्यालय प्रमुख आक्रामक हुन्छन्।

त्यतिकैमा ढोकामा रहेका कर्मचारीले सेवाग्राहीलाई जोडले धकेल्छन् । कार्यालय प्रमुख पनि आफ्नो आसनबाट उठेर सेवाग्राहीको गला थिचेको देखिन्छ । त्यसपछि अर्का कर्मचारीले पनि त्यस्तै गरिरहेको देखिन्छ।

सोफामा बसिरहेका प्रहरी उठेर छुट्याउन खोज्छन्। फेरि एक कर्मचारी भित्र आउँछन् र छेउमा रहेका अर्का कर्मचारी बाहिर निस्किएको देखिन्छ। एकछिनपछि मोबाइल समेत खोसेर छोड्छन् । त्यसपछि सेवाग्राहीलाई धम्काइरहेको देखिन्छ।

**गत फागुनको भिडियो**

प्रारम्भिक जानकारीअनुसार उक्त भिडियो सन् २०२६ मार्च १७ (गत फागुन तेस्रो साता) को रहेको बताइएको छ।

यातायात व्यवस्था कार्यालय बाराका निमित्त कार्यालय प्रमुख चिन्तन आचार्यका अनुसार घटनामा संलग्न सेवाग्राही अरुण कुशवाहा हुन्। आचार्यका अनुसार कुशवाहाले आफू पत्रकार भएको परिचय दिँदै श्रीमती र सालीको चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी कामका लागि कार्यालय आएका थिए । उनले कर्मचारीहरुलाई धाकधम्कीका साथै गालीगलौज गरेपछि उक्त घटना भएको कार्यालय प्रमुख आचार्यले बताए।

साथै सामाजिक सन्जालमा भाइरल भिडियो पूरा भाग नरहेको र त्यसको सानो क्लिप मात्र काटेर सार्वजनिक गरिएको निमित्त प्रमुख आचार्यको दाबी छ। घटना पश्चात् दुवै पक्ष बसेर मिलापत्र गरिसकेको पनि उनको जिकिर छ।

**मधेश प्रदेशको मन्त्रालयको चासो**

यसबारे मधेशको श्रम तथा यातायात मन्त्रालयले पनि चासो व्यक्त गरेको छ। श्रम तथा यातायात मन्त्रालयका निमित्त सचिव रञ्जित यादवले भिडियो सामाजिक सञ्जालमा हेरेको र यस विषयमा आज मन्त्रालयमा छलफल हुने बताए।

'मैले पनि सामाजिक सञ्जालमै यो भिडियो हिजो देखेँ। आज मन्त्रालयमा यस घटनाबारे छलफल हुन्छ,' उनले भने।

निमित्त प्रमुख आचार्य अधिकृत छैटौं हुन् । तत्कालीन श्रम तथा यातायात मन्त्री मनिष सुमनको पालामा गत पुस महिनामा आचार्य यातायात कार्यालय जनकपुरबाट बारा कार्यालयमा निमित्त प्रमुखको रूपमा सरुवा भएर आएका थिए। बारा कार्यालय प्रमुख रहेका अरबिन्द दास (अधिकृत सातौं)को भने रौतहटको गौर कार्यालयमा सरुवा भएको थियो।

बाराका निमित्त कार्यालय प्रमुख कनिष्ठ भए पनि उनलाई निमित्त प्रमुखको रूपमा जिम्मेवारी दिइएको थियो। उनी त्यसअघि करिब पाँच वर्ष यातायात व्यवस्था कार्यालय जनकपुरमा बिताएका थिए भने त्यसअघि यातायात व्यवस्था कार्यालय लहानमा जिम्मेवारी सम्हालेका थिए।

बाराको घटनापछि कार्यालयभित्र सेवाग्राहीको सुरक्षा, कर्मचारीको आचरण तथा सार्वजनिक सेवा प्रवाहमा जवाफदेहिताबारे प्रश्न उठेका छन्। सामाजिक सञ्जालमा घटनाको निष्पक्ष छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने मागसमेत भइरहेको छ।

कार्यालय प्रमुखले आफ्नो कार्यकक्षमा सेवाग्राही कुटेको भिडियो सम्बन्धमा थप अनुसन्धानको निष्कर्ष र मन्त्रालयको निर्णय आउन बाँकी छ।

### घट्दै सर्पदंशको उपचार लिने .............

आव २०७८/७९ मा तीन हजार ९३२, आव २०७५/७६ मा तीन हजार ६४१, आव २०७४/७५ मा तीन हजार ५४२, आव २०७३/७४ मा तीन हजार ३९४, आव २०७२/७३ मा तीन हजार ३१० र आव २०७१/७२ मा तीन हजार १२८ जनाले उपचार सेवा लिएका छन्। स्थापनाकालदेखि हालसम्म जम्मा ३२ हजार २७१ जनाले उपचार लिएका केन्द्रको अभिलेखमा उल्लेख छ।

पछिल्ला चार वर्षमा आसपासका धेरै ठाउँमा सर्पदंश उपचार सेवा सञ्चालनमा आउनु र सहरीकरण बढ्दै जाँदा सर्पले ठाउँ छोड्दै गएपछि घटना कम हुनसँगै उपचार लिनेको सङ्ख्या घट्दै गएको प्राविधिक टोलीका प्रमुख चौधरीको भनाइ छ।

एक दशकअघिसम्म विषालु सर्पको त्रास रहेको बर्दिबास नगर क्षेत्रमा सर्पदंशका घटना बढेपछि सामुदायिक प्रयत्नबाट सर्पदंश उपचार केन्द्रको स्थापना गरिएको हो। केन्द्रमा स्थापनाकालदेखि नै नेपाली सेनाका दक्ष प्राविधिक टोलीले उपचार सेवा दिँदै आएका केन्द्रका अध्यक्ष कृष्णप्रसाद देवकोटा बताउँछन्। केन्द्रले स्थापनाकालयता हालसम्म उपचार लिन आएमध्ये ६७ जनालाई मात्र अन्यत्र रेफर गरेको उनको भनाइ छ।

### मधेशका ४८ योजनामा रहेको ............

नै खारेज गरि दिएको छ।

'मधेश प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा अन्तर्गतका निकाय/कार्यालयहरूको वार्षिक बजेट तथा कार्यक्रममा रहेको खर्च शीर्षक नं. ३१११२ (गैर आवासीय भवन खरिद), ३११७२ (पूँजीगत अनुसन्धान तथा परामर्श) र ३१५११ (भैपरी आउने पुँजीगत) को बजेट कार्यान्वयन गर्न अर्थ मन्त्रालयको पूर्व-स्वीकृति लिनु नपर्ने गरी बजेट फुकुवा गर्ने' प्रदेश राजपत्रमा प्रकाशित सूचनामा उल्लेख छ।

त्यस्तै सवारी साधन, मेसिनरी औजार तथा फर्निचर खरिदका लागि समेत पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था हटाइएको छ।

त्यसैगरी प्रदेश लोक सेवा आयोगका चालु आर्थिक वर्षमा सिर्जना भएका दायित्व भुक्तानीका लागि मात्र लागु हुने री विनियोजन ऐनको दफा ५(२) अनुसार रकमान्तर तथा थप निकासाका लागि तोकिएको १० प्रतिशत सीमासम्बन्धी व्यवस्था पनि लागु नहुने निर्णय गरिएको छ।

तीन दलीय गठबन्धन सरकारभित्र बजेट रोक्का, खर्च कटौती तथा अर्थ मन्त्रालयको निर्णयलाई लिएर विवाद हुँदै आएको छ। भुक्तानी समस्याले निर्माण व्यवसायीहरूले पूर्वाधार विकास कार्यायल धनुषामा तालाबन्दी गरेका थिए।

पूर्वस्वीकृति लिनुपर्ने कारण यी शीर्षकको बजेट पीएलएमबीआइएसमा रोक्का थियो। जसको कारण भुक्तानी लफडा निम्तिएको थियो।

### बालेनलाई 'थ्रेट'मा .....

प्रस्ताव पारित भएमा सो व्यवस्था राखिएको छ। त्यस्तै अर्को महत्त्वपूर्ण प्रावधानसमेत राखिएको छ, जसमा सभापतिप्रति थप जवाफदेही हुनुपर्ने उल्लेख छ।

विधानको सो व्यवस्थाबमोजिम संसदीय दलको नेताले सभापतिले दिएको नीतिगत मार्गनिर्देशन पालना गर्नुपर्ने र नगरेमा संसदीय दलको नेता पदमुक्त हुनसक्ने उल्लेख छ।

### 'पहिलो मधेशी प्रधानमन्त्री' बालेनसँग सय दिनमै .............

संघीयतालाई अझ बलियो बनाउने लगायतका मुद्दाहरूको सम्बोधन हुने विश्वास व्यक्त गर्दछौं,' मोर्चाले बालेनलाई शुभकामना दिँदै भनेको थियो।

अहिले यी नेताहरूपनि सरकारसँग रुष्ट बन्दै गएका छन्। राउतले यो सरकार बालेनले नचलाएको टिप्पणी गरे।

'यो सरकार स्वतन्त्र छैन, कुनै अदृश्य शक्ति वा निश्चित केन्द्रबाट परिचालित भइरहेको देखिन्छ,' राउतले प्रधानमन्त्री बालेनतिर संकेत गर्दै हालै भनेका थिए।

रास्वपाको सांगठनिक बनोटमा मधेश कहीँ पनि नदेखिएको चन्द्रकिशोरको भनाइ छ।

'सुशासनको नाम लिएर आएको सरकार, ढुलमुल, रहस्यपूर्ण हुँदै आएको छ,' उनले भने, 'प्रादेशिक, संसदीय अभ्यास संकुचन हुँदै कहीँ न कहीँ निसास्सिने अवस्था देखिँदैछ। जेजति उपलब्धि थियो, मधेशका आममानिसले त्यो क्रमशः लुटिएको महसुस गर्न थालेका छन् । बालेन्द्र शाह निर्वाचित अधिनायकवादको बाटोमा गएपछि मधेशमा अवगाल आएको भन्दै मधेसी समाजले आहत महसुस गरिरहेको छ।'

'पार्टी जस्तो देखिए पनि भित्री रसायन बुझ्दा रास्वपा एउटा गठबन्धन मात्रै हो। चितवनबाट फर्किएपछि पनि यो एउटा गठबन्धन नै हो। रास्वपाको उदय, स्थापना र अहिलेको स्वरुप हेर्दा यो अन्तर्विरोध र रहस्यको पोको हो, यसको नीति अस्पष्ट छ,' उनले भने।

सायद रहस्यमयी लागेर नै निर्वाचन लगत्तै मधेशी मूलको प्रधानमन्त्री पाएको भन्दै खुसी भएका राउत अहिले पूर्ण रूपमा चिढिएका देखिन्छन्। राउतले यस्तै पारा रहे देश दुर्घटनामा पर्ने र राज्यका अंगहरूको सन्तुलन बिग्रने चेतावनी दिएका छन् । सरकारले अघि सारेका सुशासनका एजेन्डा 'फेक' र 'सस्तो प्रचारबाजी' मात्र भएको उनको भनाइ छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रदेशलाई पंगु बनाएर काठमाडौँबाट हुकुम चलाउन खोजिए मधेशले फेरि अर्को विद्रोह गर्ने चेतावनी दिएका छन् भने लोसपाका अध्यक्ष महन्थ ठाकुरले देशलाई व्यवस्थाहीन अराजकतातर्फ धकेलेर पुनः द्वन्द्व निम्त्याउन खोजेको आरोप लगाएका छन्।

मधेश मामिलाका लेखक तथा विश्लेषक चन्द्रकिशोरले मधेशमा राजनीति गर्नेहरू संघीयताकै कारण क्षेत्रीय शक्ति बनेको र संघीयतामाथि प्रश्न उठ्दा उनीहरू चनाखो भएको बताए।

'उपेन्द्र, महन्थ, सीकेले के बोल्नुभयो भन्दा पनि मधेशका आम जनताको मनोविज्ञान चुनावमा हामी ठगियौं भन्ने बन्दै गएको छ,' चन्द्रकिशोरले थपे।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)